# रेडियो, एफ. एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।५।१८

संवत् २०७७ सालको ऐन नं. ७

<u>रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u> : पूर्ण प्रेस स्वतन्त्रता प्रति प्रतिवद्ध रहँदै प्रसारणका माध्यमबाट हुने सूचना प्रवाहलाई व्यवस्थापन एवं नियमन गरी सूचनाको निर्वाध प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> : (१) यस ऐनको नाम "प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले कार्यक्रमको प्रसारण गर्नको लागि यस ऐन बमोजिम दिइने प्रसारण इजाजतपत्र वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजतपत्र समेतलाई सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्री विभिन्न ग्राहक, सदस्य वा उपभोक्तासमक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(च) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्विर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी प्रवाह गरिने रेडियो, एफ. एम. र टेलिभिजन समेतको मिडिया सेवालाई सम्झनु पर्छ ।

(छ) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

(ज) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको सन्दर्भमा प्रयोग गरेको वा गरिने उपकरण वा उपकरणहरूको समूह सम्झनु पर्छ ।

(झ) "भू-उपग्रह प्रसार केन्द्र (अर्थ स्टेशन)" भन्नाले स्याटेलाइट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनु पर्छ ।

(ट) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनु पर्छ ।

३. <u>प्रसारण सम्बन्धी कार्यको व्यवस्थापन एवं नियमन</u> : प्रदेशभित्र स्याटेलाईट प्रणालीबाट प्रसारण हुने बाहेकको केवल टेलिभिजनको प्रसारण र एकसय वाट भन्दा माथि एकहजार वाट सम्मको रेडियो, एफ.एम. सम्बन्धी कार्यको ईजाजत, सञ्चालन तथा व्यवस्थापन कार्यको नियमन गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

४. <u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u> : कसैले पनि यस ऐन बमोजिम इजाजतपत्र नलिई कुनै पनि रेडियो, एफ.एम. तथा टेलिभिजन प्रसारण गर्नु गराउनु हुँदैन ।

५. <u>इजाजतपत्रको लागि निवेदन दिनुपर्ने</u> : (१) प्रदेशभित्र रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले मन्त्रालयले तोकेको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) इजाजतपत्र लिन खोजेको सञ्चार माध्यमको प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन,

(ख) प्रसारण संस्थाको दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रबन्धपत्र र नियमावली वा संस्थाको विधानको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ङ) तोकिए बमोजिमको निवेदन दस्तुर बुझाएको नगदी रसिद वा राजश्व खातामा निवेदन दस्तुर जम्मा गरेको बैंक भौचर,

(च) प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण,

(छ) श्रमजीवी पत्रकार ऐन बमोजिमको पारिश्रमिक तथा सुविधा उपलव्ध गराउने लिखित प्रतिवद्धतापत्र ।

६. <u>फ्रिक्वेन्सी निर्धारण तथा बाँडफाँट</u> : फ्रिक्वेन्सी निर्धारण तथा बाँडफाँट सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

७. <u>इजाजतपत्र दिन सकिने</u> : (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले तोकेको अधिकारीले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदकलाई कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा पैंतालिस दिनभित्र मन्त्रालयले तोकेको दस्तुर लिई रेडियो तथा एफ.एम. को हकमा अनुसूची-१ र केबुल टेलिभिजनको हकमा अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

(२) इजाजतपत्र दिन नमिल्ने भएमा सोको कारण खोली निवेदन दरपिठ गरिदिनु पर्नेछ ।

८. <u>प्रसारण गर्नुपूर्व विवरण पेस गर्नुपर्ने</u> : दफा ७ को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्रमा प्रसारण सम्बन्धी कामको प्रारम्भ गर्नु पर्नेछ र त्यस्तो कार्य प्रारम्भ हुनुअघि पहिलो पटक प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समयतालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ ।

९. <u>प्रसारण केन्द्रको स्थापना सम्बन्धी व्यवस्था</u> : (१) कुनै व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा इजाजतको लागि दफा ५ को उपदफा (२) बमोजिमका कागजात संलग्न गरी दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमति दिँदा निर्धारण गरे बमोजिमको दस्तुर लिई दफा १२ मा तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कार्यक्रम प्रसारण अनुमति दिँदा प्रचलित संघीय कानुनको प्रतिकूल नहुने गरी दिनु पर्नेछ ।

(४) प्रदेश सरकारबाट स्थापना भई सञ्चालन हुने रेडियो, एफ.एम. तथा टेलिभिजनको प्रसारण केन्द्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>नवीकरण सम्बन्धी व्यवस्था</u> : (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्रमा प्रसारण इजाजतपत्र नवीकरण गर्नु पर्नेछ । नवीकरण बापत बुझाउनु पर्ने शुल्क वा दस्तुर तोकिए बमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि प्रचलित कानुन बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण गर्ने संस्थाले यसै ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्तो संस्थाले यो ऐन प्रारम्भ भएपछि यसै ऐन बमोजिम अभिलेखीकरण एवं नवीकरण गर्नु पर्नेछ ।

(३) अन्य प्रदेशमा प्रचलित कानुन बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेको संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. उत्पादन तथा प्रसारण : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका विषयहरूलाई प्राथमिकता दिई कार्यक्रम उत्पादन तथा प्रसारण गर्नु पर्नेछ :-

(क) प्रदेशस्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, पर्यटन, वन तथा वातावरण संरक्षण, खाद्य स्वच्छता तथा गुणस्तर लगायत सार्वजनिक महत्वका कार्यक्रमहरू,

(ख) प्रदेशभित्रका सबै जातजाति, भाषा, वर्ग, क्षेत्र, लिङ्ग तथा धार्मिक सम्प्रदायबिच समानता, आपसी सद्भाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) राष्ट्रिय हित र एकता अभिबृद्धि गराउने विषयका कार्यक्रमहरू,

(घ) राष्ट्रिय चेतना तथा नैतिक जागरण बृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(ङ) जनतामा सामाजिक चेतना बढाउने र लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(च) मित्रराष्ट्रहरूसँगको सु-सम्बन्ध अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(छ) राष्ट्रले अवलम्बन गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(ज) प्रदेशभित्रको कला, भाषा, संस्कृति र संगितको प्रवर्द्धन तथा सम्बर्द्धन हुने कार्यक्रमहरू,

(झ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि हुने किसिमका कार्यक्रमहरू,

(ञ) संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध अभिबृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ट) सुशासन र पारदर्शिता अभिवृद्धि हुने किसिमका कार्यक्रमहरू,

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू सम्बन्धी कार्यक्रमहरू

(ड) कानुनको परिपालनालाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू,

(ढ) दिगो विकास सम्बन्धी महत्वपूर्ण कार्यक्रमहरू ।

१२. कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने व्यक्ति तथा संस्थाले पालना गर्नुपर्ने सर्तहरू : कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने व्यक्ति तथा संस्थाले देहाय बमोजिमको सर्तहरू पालना गर्नु पर्नेछ :-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमको सत्य तथ्य श्रोतबाट पुष्टि भएपछि मात्र प्रसारण गर्ने, गराउने,

(ख) पुर्वाग्रहरहित भई समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) प्रचलित कानुन प्रदत्त व्यक्तिको गोपनीयताको हक र सामाजिक संवेदनशीलतालाई ख्याल गरेर मात्र प्रसारण सामग्री प्रसारण गर्ने, गराउने,

(घ) भ्रमपूर्ण विज्ञापन प्रसारण नगर्ने, नगराउने,

(ङ) तोकिए बमोजिमका अन्य कुराहरू ।

१३. धरौटी सम्बन्धी व्यवस्था : रेडियो, एफ.एम. र टेलिभिजनको धरौटी रकम मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१४. प्रसारण गर्न नपाइने : दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसारण संस्थाले देहायको विषयका समाचार, सामग्री वा विज्ञापन प्रसारण गर्न गराउन पाइने छैनः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबिचको सु-सम्बन्धमा खलल् पुऱ्याउने विषयहरू,

(ख) राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने विषयहरू,

(ग) विभिन्न जातजाति, धर्म वा सम्प्रदाय वीचको सु-सम्बन्धमा खलल् पुऱ्याउने विषयहरू,

(घ) राज्यद्रोह, गाली बेइज्जती, अदालतको अवहेलना, अपराधको दुरुत्साहन वा सार्वजनिक शिष्टाचार तथा नैतिकताको प्रतिकूल ठहर्ने विषयहरू,

(ङ) श्रमप्रतिको अवहेलना, जातीय छुवाछुत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने किसिमका विषयहरू ।

१५. सजाय : (१) कसैले दफा ७ बमोजिम प्रसारण संस्थाको इजाजतपत्र नलिई प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण सम्बन्धी काम कारबाहीमा रोक लगाउन सक्नेछ ।

(२) कसैले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम, विज्ञापन, समाचार सामग्री प्रसारण गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई मन्त्रालयले दसहजार देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कारवाही गर्नुपूर्व सम्बन्धित प्रसारण संस्था, प्रसारक वा व्यक्तिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका प्रदान गर्नेछ ।

(४) कसैले उपदफा (२) बमोजिमको सजाय हुने काम पुनः गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई सुरू सजायको दोब्बर सजाय गर्न सक्नेछ ।

१६. <u>पुनरावेदन</u> : यस ऐन बमोजिम प्रदेश सरकार वा मन्त्रालयले दिएको आदेश वा सजाय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१७. <u>प्रसारण संस्थाको सुरक्षा</u> : प्रसारण संस्थामा हुलदङ्गा वा अशान्ति उत्पन्न भई भौतिक संरचनामा क्षति पुग्न जाने अवस्था सिर्जना भएमा सम्बन्धित जिल्लाको जिल्ला सुरक्षा समितिको सुरक्षा थ्रेट विष्लेषणको आधारमा प्रदेश सरकारले निश्चित समयका लागि प्रसारण केन्द्र वा टावरमा चौविसै घण्टा सुरक्षाकर्मी खटाउन सक्नेछ ।

१८. <u>अधिकार प्रत्यायोजन</u> : मन्त्रालयले आफूमा निहित अधिकारमध्ये केही अधिकार कुनै अन्य अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. <u>नियम बनाउने अधिकार</u> : प्रदेश सरकारले यस ऐन बमोजिम आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२०. <u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकार</u> : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

२१. <u>प्रचलित कानुन बमोजिम हुने</u> : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

<u>रेडियो, एफ.एम. प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र</u>

१. इजाजतपत्र नं. :

२. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

३. ठेगाना :

| (क) स्थायी ठेगाना | (ख) अस्थायी ठेगाना |
|---|---|
| जिल्ला : | जिल्ला : |
| न.पा./गा.पा. : | न.पा./ गा.पा. : |
| वडा नं. : | वडा नं. : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |

४. प्रसारण संस्था वा व्यक्तिको नाम :

५. प्रसारणको माध्यम :

६. प्रसारणको क्षमता :

७. प्रसारण गर्दा प्रयोग गरिने :

(क) फ्रिक्वेन्सी : (ख) ब्याण्ड :

(ग) च्यानेल : (घ) ट्रान्समिटर :

(ङ) एन्टेना :

८. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण :

९. प्रसारण हुने क्षेत्र र जनसंख्या :

१०. प्रसारण सुरू हुने मिति :

११. प्रसारणमा प्रयोग हुने भाषा :

१२. प्रसारणको समय र समयावधि :

१३. प्रसारण गरिने कार्यक्रमहरू :

१४. इजाजतपत्र बहाल रहने मिति :

१५. दफा १२ मा उल्लिखित सर्त बाहेक मन्त्रालयले तोकेका अन्य सर्तहरू :

(क)

(ख)

(ग)

कार्यालयको छाप :

इजाजतपत्र दिने अधिकारी :

सही :

नाम :

दर्जा :

कार्यालय :

मिति :

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

अनुसूची-२

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

## केबुल टेलिभिजन प्रसारण केन्द्रको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र

१. इजाजतपत्र नं. :

२. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :

३. ठेगाना :

(क) स्थायी ठेगाना
जिल्ला :
न.पा./ गा.पा. :
वडा नं. :
गाउँ/ टोल :
फोन नं. :

(ख) अस्थायी ठेगाना
जिल्ला :
न.पा./ गा.पा. :
वडा नं. :
गाउँ/ टोल :
फोन नं. :

४. इजाजतपत्र पाउने व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बर :

५. प्रसारणको माध्यम :

६. प्रसारण केन्द्र स्थापना गर्ने स्थान :

७. प्रसारण हुने क्षेत्र :

८. प्रसारण प्रारम्भ हुने मिति :

९. प्रसारणमा प्रयोग हुने च्यानल र भाषा :

१०. प्रसारणको समय र समयावधि :

११. प्रसारण गरिने कार्यक्रम :

१२. इजाजतपत्र बहाल रहने अवधि :

१३. दफा १२ मा उल्लिखित सर्त बाहेक मन्त्रालयले तोकेका अन्य सर्तहरू :

(क)
(ख)
(ग)

कार्यालयको छाप :

इजाजतपत्र दिने अधिकारी :
सही :
नाम :
दर्जा :
कार्यालय :
मिति :

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

♣♣♣